Japan Platform for Migrant Workers towards Responsible and Inclusive Society

ver.1（April 26, 2025）2025

# “Fair and Ethical Recruitment Initiative for Migrant Workers from Nepal to Japan”（NJ-FERI）

# “नेपालबाट जापानमा निष्पक्ष र नैतिक रिक्रुटमेन्ट” (NJ-FERI)

## Standard Operating Procedures（SOPs）

## स्टाण्डर्ड अपरेशन प्रक्रियाहरू (SOPs)

ver. Dec. 04, 2024

२०२४ साल डिसेम्बर ०४ भर्जन

*फुटनोट१: “आप्रवासी कामदारहरूको लागि निष्पक्ष र नैतिक रोजगारी निर्देशिका” को प्रतिलिपि अधिकार कानून फर्म ग्लोबल एचआर रणनीतिको हो, र प्रयोग गर्ने अधिकार जनरल इन्कर्पोरेटेड एसोसिएसन JP-MIRAI लाई प्रदान गरिएको छ।*

*फुटनोट२: ILO को "निष्पक्ष भर्तीका लागि सामान्य सिद्धान्तहरू र सञ्चालन दिशानिर्देशहरू अनि रोजगारी शुल्क र सम्बन्धित लागतहरूको परिभाषा" प्रत्येक भाषामा PDF फाइल तलको URL बाट डाउनलोड गर्न सकिन्छ।*
*https://www.ilo.org/publications/general-principles-and-operational-guidelines-fair-recruitment-and*

## Chapter 1 General Statements

(Purpose)

## अध्याय १ सामान्य सन्दर्भहरु

**(उद्देश्य)**

**आर्टिकल १:** MoLESS, JICA र ILO को सहयोगमा JP-MIRAI ले नेपालका रिक्रुटमेन्ट एजेन्सीहरु, जापानका रोजगारदाताहरू, सम्बन्धित अन्य सरकारी एजेन्सीहरू, जस्तै श्रम संगठनहरू, र नागरिक समाज संगठन पक्षहरूसँग सहकार्य गर्नेछ, र "नेपालबाट जापानमा आप्रवासी कामदारहरूको लागि निष्पक्ष र नैतिक रोजगारी पहल" (यसपछि "NJ-FERI" भनेर भनिन्छ ) सञ्चालन गर्नेछ, जुन विभिन्न अन्तर्राष्ट्रिय मापदण्डहरूद्वारा तोकिए अनुसार "अन्तर्राष्ट्रिय मापदण्डहरू अनुरूपको रोजगार" गर्नको लागि भोलेन्टिएरिङ कार्य गर्नेछ । यसले प्राविधिक इन्टर्न तालिम प्रणाली र निर्दिष्ट सीप प्रणाली अन्तर्गत नेपालबाट जापानमा कामदारहरूको आवागमनको लागि कामदार पठाउने कम्पनि र कामदार लिने कम्पनि, दुवै देशहरूको कानून र नियमहरू पालना गराइ गर्नेछ । (यसलाई यसपछि यहाँ "नेपाली कामदार" भनेर संम्बोधन गरिन्छ )

२. NJ-FERI को Standard Operating Procedures 「स्टाण्डर्ड अपरेटिङ प्रोस्युडर-SOP」 (यसपछि "NJ-FERI SOPs" भनेर भनिन्छ) NJ-FERI निष्पक्ष र प्रभावकारी प्रणालीको सहजता सञ्चालनमा सुनिश्चित गर्न स्थापित गरिएको हो। NJ-FERI SOPs मा तोकिएका NJ-FERI को सञ्चालन र प्रक्रियाहरूको लागि आवश्यक विस्तृत नियम र ढाँचाहरू छुट्टै सेट गरिनेछ।

**(Guidelines to conform)**

**(पालना गर्नु पर्ने निर्देशनहरू)**

**आर्टिकल २ :** NJ-FERI सञ्चालन प्रक्रियाहरू "आप्रवासी कामदारहरूको लागि निष्पक्ष र नैतिक रोजगारी निर्देशिकाहरू" (यसपछि "FERI निर्देशिकाहरू" भनेर उल्लेख ) को आधारमा सञ्चालन गरिनेछ।

२. NJ-FERI अन्तर्गत प्रत्येक रोजगारदाताले बेहोर्ने रिक्रुटमेन्ट शुल्क र सम्बन्धित लागतको सन्दर्भमा, आप्रवासी कामदारले नेपालको रिक्रुटमेन्ट एजेन्सीसँग सम्झौतामा हस्ताक्षर गरेदेखि रोजगारदाताको लागि काम शुरु नगरेसम्मको खर्च तालिका १ मा देखाइए अनुसार बेहोरिन्छ । यद्यपि, FERI निर्देशनको आर्टिकल १. को ४ अनुसार, जब तालिका १ का प्रावधानहरू नेपाल वा जापानको सम्बन्धित कानून वा नियमहरू मध्ये एक द्वारा निर्धारित लागत भार मापदण्डहरू भन्दा कम हुन्छन्, तालिका १ को अतिरिक्त कानून वा नियमको पालना गरिनेछ।

**(Certification of suitability per job-order)**

**(जव-अर्डर अनुसार उपयुक्तताको प्रमाणीकरण)**

**आर्टिकल ३:** "FERI निर्देशहरू" र NJ-FERI SOPs को आर्टिकल २ अनुसार, जब जापानमा लिइएका आप्रवासी कामदार(हरू) जापान आए पछि उनीहरुको लागि रोजगारदाताको लाग्ने खर्चको भार, काम र कार्यस्थल, उनीहरुको गृह देशमा अस्थायी फिर्तीको लागि विचार, आवास, र सम्बन्धित "FERI-प्रमाणित रोजगार-आदेश" मा तोकिए अनुसार जापान जानु अगिका व्यावसायिक र भाषा तालिमको प्रावधानको बारेमा कुनै समस्या हुँदैन, त्यो सही रोजगार-आदेशमा आधारित रोजगारी प्रक्रिया “ **FERI Level** अर्थात फेरि स्तर" पूरा गरेको भनेर प्रमाणित गरिनेछ।

२. “FERI निर्देशिकाहरू” र NJ-FERI SOPs को आर्टिकल २ अनुसार, जापानमा आएका आप्रवासी कामदार(हरू) को आगमन पछि रोजगारदाताको खर्चको भार, गरिने काम र कार्यस्थल, उनको गृह देशमा अस्थायी फिर्तीको लागि विचार, आवास, र सम्बन्धित “Semi-FERI-Confirmed job (अर्ध फेरि पुष्टि गरिएको रोजगार-आदेश) ” मा तोकिए अनुसार पूर्व-प्रवेश व्यावसायिक र भाषा तालिमको प्रावधान सम्बन्धि अनुगमनको परिणामको रूपमा कुनै समस्या पहिचान नभएमा, त्यो सही रोजगार-आदेशमा आधारित रोजगारी प्रक्रियालाई “**Semi-FERI Level** अर्थात अर्ध-फेरि स्तर” पूरा गरेको प्रमाणित गरिनेछ ।

**(General Principal सामान्य सिद्दान्तहरु)**

**आर्टिकल ४:** JP-MIRAI ले NJ-FERI प्रणाली सञ्चालन गर्दा, आप्रवासी कामदारहरूको अधिकारको संरक्षणलाई उच्च प्राथमिकता दिँदै, नेपाल रिक्रुटमेन्ट एजेन्सीहरु र जापानका धेरै रोजगारदाताहरूले भाग लिन सक्ने प्रणाली सिर्जना गर्ने लक्ष्य राखेको छ । तसर्थ, नेपाल र जापानका सहभागी रोजगारदाताहरूलाई र कामदारहरुलाई प्रोत्साहन प्रदान गर्ने तरिकाले प्रणालीको डिजाइन र सञ्चालन गर्नु पर्छ ।

२. NJ-FERI एक नयाँ संयन्त्र भएकोले JP-MIRAI ले नेपाल भित्र मात्र नभई अन्य एसियाली देशहरू र अन्तर्राष्ट्रिय समुदायमा पनि आफ्ना उपलब्धिहरू र अनुभवहरूलाई सक्रिय रूपमा प्रवर्द्धन गर्दैछ ।

**(JICA र ILO को भूमिका)**

**आर्टिकल ५:** JICA र ILO ले, सञ्चालन चरणको समयमा पनि, यस प्रणालीलाई निष्पक्ष र सहज रुपमा सञ्चालन गर्न JP-MIRAI लाई प्राविधिक सहयोग प्रदान गर्नेछन्, र भै-परि आउने कुनै पनि समस्या समाधानमा सहकार्य गर्नेछन् ।

**( MoLESS को भूमिका)**

**आर्टिकल ६:** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपालमा निष्पक्ष र नैतिक रिक्रुटमेन्ट गर्ने कुरामा मूख्य भूमिका खेल्नेछ र JP-MIRAI, नेपाल सरकार, ILO, IOM, CSOs, आदिसँग सक्रिय रूपमा समन्वय गर्नेछ।

२. MoLESS ले नेपालका रोजगारदाताहरूलाई FERI को उचित प्रवर्द्धनमा भाग लिन आह्वान गर्नेछ।

३. FERI को निर्देशहरूको उल्लङ्घन र कामदारहरुको गुनासो आएको बेलामा अनुसन्धान र प्रतिक्रिया दिँदा MoLESS ले JP-MIRAI लाई सहयोग गर्नेछ ।

**(JP-MIRAI को भूमिका)**

**आर्टिकल ७:** JP-MIRAI ले FERI प्रणालीको सम्पूर्ण सञ्चालनको लागि सचिवालयको रूपमा काम गर्नेछ र सामान्य प्रशासनिक कार्यहरू गर्नेछ ।

२. JP-MIRAI ले जापानका रोजगारदाताहरू र कामदारहरुको आवश्यक कुराहरु जस्तै दर्ता, तालिम, अनुगमन, सुधारात्मक मार्गदर्शन र जानकारीका सुचनाहरु आवश्यक आवेदन तथा अपरेटिङ गर्नेछ ।

३. JP-MIRAI ले Semi-FERI-Confirmed job-orders हरुलाई NJ-FERI मार्फत भबिष्यमा FERI-Certified job-orders मा परिणत चरणबद्ध रूपम स्तरोन्नति गर्न प्रोत्साहित गर्नेछ र त्यस्ता रोजगारदाताहरूको अनुरोधमा उनीहरूलाई आवश्यक प्राविधिक सहयोग प्रदान गर्नेछ ।

४. अघिल्ला दुई अनुच्छेदहरूमा उल्लेख गरिएका कार्यहरू कार्यान्वयन गर्न, JP-MIRAI ले जापानका रोजगारदाताहरूबाट NJ-FERI SOPs मा तोकिए अनुसार दर्ता र सञ्चालनको लागि आवश्यक खर्चहरू सङ्कलन गर्न सक्छ।

५. JP-MIRAI ले आफ्ना केही गतिविधिहरू गर्नको लागि CSO (**Civil Society Organization)** हरूलाई आउटसोर्स गर्न सक्छ। यस्तो अवस्थामा, रोजगारदाताहरू र आप्रवासी कामदारहरूको सुरक्षा गर्न JP-MIRAI र CSO बीच NDA (Non-Disclosure Agreement) मा हस्ताक्षर गरिनेछ।

**(NJ-FERI Stakeholder मिटिङ)**

**आर्टिकल ८:** सिस्टमलाई राम्रोसँग सञ्चालन गर्न, "NJ-FERI सरोकारवालाहरु सँगको बैठक" वर्षमा कम्तिमा एक पटक आयोजना गरिनेछ। JP-MIRAI ले MoLESS, ILO, IOM, RBA र JICA का प्रतिनिधिहरु र आवश्यक परेमा अन्य महत्त्वपूर्ण सरोकारवालाहरूलाई Stakeholder Meeting मा आमन्त्रित गर्नेछ।

**(जापान मा FERI संचालन समिति)**

**आर्टिकल ९:** JP-MIRAI ले जापानमा उचित प्रणाली सञ्चालन र महत्त्वपूर्ण मामिलाहरूको छलफलको उद्देश्यका लागि रोजगारदाताका प्रतिनिधिहरू र विशेषज्ञहरू मिलेर बनेको “Steering Committee" " संचालन समिति" स्थापना गर्नेछ।

## Chapter 2 Registration and Training for Participating Companies and Organizations

**(Participation procedure for recruitment agencies in Nepal)**

**अध्याय २ सहभागी कम्पनीहरू तथा संस्थाहरूको लागि दर्ता र तालिम**

**(नेपालमा रिक्रुटमेन्ट एजेन्सीहरुको लागि सहभागिता प्रक्रिया)**

**आर्टिकल १०:** JP-MIRAI ले ILO र MoLESS सँगको सहकार्यमा नेपालका रिक्रुटमेन्ट एजेन्सीहरूका लागि ब्रीफिंग सत्रहरू आयोजना गर्नेछ र NJ-FERI प्रणालीको उद्देश्य, NJ-FERI SOPs, र FERI का निर्देशनहरू व्याख्या गर्नेछ।

२. सहभागी हुन चाहने नेपालका रिक्रुटमेन्ट एजेन्सीहरूले तोकिएको फारम प्रयोग गरेर JP-MIRAI मा आवेदन दिनुपर्छ।

३. JP-MIRAI ले नेपालमा FERI निर्देशिकाहरू अनुसार योग्य मानिएका प्रत्येक रिक्रुटमेन्ट एजेन्सीहरुलाई दर्ता गर्ने, दर्ता सूची तयार गर्ने र आफ्नो (JP-MIRAI को) वेबसाइटमा हालिदिने गर्नेछ।

४. JP-MIRAI ले नेपालमा दर्ता भएका रिक्रुटमेन्ट एजेन्सीहरूलाई FERI को निर्देशिकामा आधारित रही NJ-FERI कार्यप्रवाहहरू (SOPs) को तालिम प्रदान गर्नेछ।

५. नेपालमा दर्ता भएका रिक्रुटमेन्ट एजेन्सीहरूले FERI संचालन समितिले निर्धारण गरेको शुल्क JP-MIRAI लाई तिर्नेछन् ।

**(Participation procedures for recruitment agencies in Japan and employers)**

**(जापानका रिक्रुटमेन्ट एजेन्सीहरूको लागि सहभागिताको प्रक्रियाहरू)**

**आर्टिकल ११:** JP-MIRAI ले जापानका रिक्रुटमेन्ट एजेन्सीहरूका लागि FERI सिस्टमको उद्देश्य, FERI स्टाण्डर्ड अपरेटिङ प्रक्रियाहरू, र FERI का निर्देशनहरू व्याख्या गर्न ब्रीफिंग सत्रहरू आयोजना गर्नेछ ।

२. सहभागी हुन चाहने जापानका रिक्रुटमेन्ट एजेन्सीहरूले तोकिएको फारम प्रयोग गरेर JP-MIRAI मा आवेदन दिनु पर्नेछ ।

३. JP-MIRAI ले जापानमा प्रत्येक रिक्रुटमेन्ट एजेन्सी वा FERI निर्देशनहरूको लागि योग्य मानिने रोजगारदातालाई दर्ता गर्न, दर्ता सूची तयार गर्न, र आफ्नो वेबसाइटमा सूची प्रकाशित गर्न तटस्थ र कडा रुपमा परिक्षा लिनेछ ।

४. JP-MIRAI ले जापानमा दर्ता भएका रिक्रुटमेन्ट एजेन्सीहरूलाई FERI का निर्देशनहरू र NJ-FERI कार्यप्रवाहहरू (SOPs को लागि) तालिम प्रदान गर्नेछ ।

५. जापानमा दर्ता भएका रिक्रुटमेन्ट एजेन्सीहरूले FERI संचालन समितिले निर्धारण गरेको दर्ता शुल्क JP-MIRAI लाई तिर्नेछन् ।

**(Agreement between the Recruiting Agencies in Nepal and Japan)**

**(नेपाल र जापानका रिक्रुटमेन्ट एजेन्सीहरू बीचको सम्झौता)**

**आर्टिकल १२:** दर्ता भएका प्रत्येक रोजगारदाताले NJ-FERI स्टाण्डर्ड अपरेटिङ प्रक्रियाको आर्टिकल १० र आर्टिकल ११ बमोजिम तयार गरिएको सम्बन्धित दर्ता सूचीबाट जापानमा रहेका रिक्रुटमेन्ट एजेन्सीहरू र नेपालमा रहेका रिक्रुटमेन्ट एजेन्सीहरू मध्ये एक छनौट गर्नु पर्नेछ ।

२. जापानमा छनोट भएको रिक्रुटमेन्ट एजेन्सी र नेपालको रिक्रुटमेन्ट एजेन्सीले सम्बन्धित कानून, नियम र सम्झौताहरूको आधारमा सम्झौता गर्नेछन् र आवश्यक सूचनाहरू दिनेछन् ।

## Chapter 3 Recruitment Process and Protection

**(Preparation and certification of job-orders)**

## अध्याय ३ रोजगारी प्रक्रिया र सुरक्षा (जब-अर्डरहरूको तयारी र प्रमाणीकरण)

**आर्टिकल १३:** प्रत्येक दर्ता भएका रोजगारदाताले "FERI का निर्देशनहरू" को आधारमा रोजगार-अर्डरहरू तयार गर्नेछन् जुन JP-MIRAI द्वारा प्रारम्भिक जाँच भएर जानेछ ।

२. “Semi-FERI-Confirmed job-orders” को पुष्टिकरण खोज्ने रोजगारदाताहरूले तालिका १ मा [★] चिन्ह लगाइएको शुल्क र लागतको कुल रकम र सम्बन्धित जब अर्डर अनुसार लगाउने काम अनुसार प्रत्येक आप्रवासी कामदारले बेहोर्नु पर्ने रकम उल्लेख गरी प्रत्येक जब अर्डरको कागजात पेश गर्नु पर्नेछ ।

३. JP-MIRAI ले पेश गरिएका जब-अर्डरहरूको ढिलाइ नगरी समीक्षा गर्नेछ र हरेक जब-अर्डरहरुलाई "FERI-प्रमाणित जब-अर्डर" वा "अर्ध-FERI-प्रमाणित जब-अर्डर" को बारेमा रोजगारदातालाई सूचित गर्नेछ ।

४. प्रमाणित वा पुष्टि गरिएको जब-अर्डरमा FERI को लोगो र QR कोड जारी गरिनेछ। QR कोडमा FERI प्रणालीको बारेमा स्पष्टीकरणको URL र अनुगमन उद्देश्यका लागि रोजगारदाता, जापानको र नेपालको रोजगारदाताहरुको आईडी समावेश हुनेछ।

५. रोजगारदाताले FERI को लोगो र QR कोड सहितको जब-अर्डर जापानको रिक्रुटमेन्ट एजेन्सी मार्फत नेपालको रिक्रुटमेन्ट एजेन्सीलाई पठाउनु पर्नेछ।

**(Recruitment in Nepal)**

**(नेपालमा रोजगारी)**

**आर्टिकल १४:** नेपालका दर्ता भएका प्रत्येक रिक्रुटमेन्ट एजेन्सीहरूले "FERI-प्रमाणित जब-अर्डरहरू" (वा " Semi-FERI -प्रमाणित जब-अर्डरहरू") प्रयोग गरेर "FERI निर्देशनहरू" को आधारमा कामदारहरुको भर्ती गर्नेछन्।

२. नेपालका रिक्रुटमेन्ट एजेन्सीहरूले सम्झौतामा हस्ताक्षर गरेपछि तुरुन्तै आफ्ना लक्षित कामदारहरू (JP-MIRAI मा आवेदन गरी) को निगरानी गर्नेछन् ।

**(Monitoring and support before traveling to Japan)**

**(जापान यात्रा गर्नु अघिको निगरानी र सहयोग)**

**आर्टिकल १५:** JP-MIRAI ले FERI प्रमाणित जब-अर्डर वा Semi-FERI-प्रमाणित जब अर्डर (यसपछि "लक्षित कामदार" भनेर चिनिन्छ) को आधारमा भर्ती गरिएका आप्रवासी कामदारहरूबाट प्राप्त परामर्श, गुनासो र प्रश्नहरू (जापानमा काम गर्ने र बसोबास गर्ने सम्बन्धी प्रश्नहरू सहित) को जवाफ JP-MIRAI आवेदन मार्फत दिनेछ जसले नेपाली भाषामा लगायत बिभिन्न भाषाहरुमा (च्याट, IP फोन, इमेल, आदि द्वारा) बहु भाषाहरूलाई समर्थन गर्दछ।

२. यदि JP-MIRAI लाई शँका लाग्छ कि कुनै पनि लक्षित कामदारबाट प्राप्त परामर्श वा गुनासोको सामग्रीले FERI कार्य निर्देशनहरू, अन्य कानूनहरू, वा सम्बन्धित रोजगार सम्झौताको उल्लङ्घन गर्दछ भने, JP-MIRAI ले आवश्यकता अनुसार तथ्यहरू पुष्टि गर्नेछ। तथ्य खोजी प्रक्रियाको क्रममा, परामर्श लक्षित कामदारको नाम र अन्य व्यक्तिगत जानकारी गोप्य राखेर बेफाइदा नहोस् भन्ने कुरा सुनिश्चित गर्न अत्यधिक ध्यान दिइनेछ।

३. JP-MIRAI ले आवश्यक सुधारात्मक मार्गदर्शन प्रदान गर्नेछ।

## Chapter 4 Monitoring and Response after Arrival in Japan

**(Monitoring after arriving in Japan)**

## अध्याय ४ जापान आइपुगेपछि अनुगमन र प्रतिक्रिया

**(जापान आइपुगेपछि निगरानी)**

**आर्टिकल १६:** JP-MIRAI ले जापान आइपुगेपछि (१ महिना भित्र) र १ वर्ष पछि लक्षित कामदारहरूलाई प्रश्नावली पठाउन र उत्तरहरू प्राप्त गर्न JP-MIRAI आवेदन उपकरण प्रयोग गर्नेछ।

२. JP-MIRAI ले लक्षित कामदारहरूबाट प्राप्त प्रतिक्रियाहरूको विश्लेषण गर्नेछ।

३. JP-MIRAI ले छनोट गरिएका लक्षित कामदारहरूसँग नमूना सर्वेक्षणको रूपमा अन्तर्वार्ता सर्वेक्षण गर्नेछ। शंकास्पद उत्तर दिने लक्षित कामदारहरूको पनि अन्तर्वार्ता लिनेछ।

४. JP-MIRAI ले मोनिटरिङ रिजल्टहरू (जापानमा प्रत्येक रिक्रुटमेन्ट एजेन्सीहरुको लागि एकत्रित परिणामहरू) जापानमा दर्ता भएका प्रत्येक रिक्रुटमेन्ट एजेन्सीहरुलाई त्रैमासिक रूपमा रिपोर्ट गर्नेछ, साथै अन्तर्वार्ता लिइएका लक्षित कामदारहरूको पहिचान नहोस् र उनीहरूको नाम र अन्य व्यक्तिगत जानकारी गोप्य राखियोस् भन्ने कुरा सुनिश्चित गर्न अत्यन्त सावधानी अपनाउनेछ।

५. JP-MIRAI ले नेपालका प्रत्येक रिक्रुटमेन्ट एजेन्सीको मोनिटरिङ नतिजा त्रैमासिक रूपमा रिपोर्ट पेश गर्नेछ।

### (Grievance adjustment) (गुनासो र माग समायोजन)

**आर्टिकल १७:** यदि कुनै लक्षित कामदारबाट प्राप्त परामर्श वा गुनासोको विषयवस्तु सम्बन्धित कानून वा नियमहरू, रोजगार सम्झौताहरू, वा FERI को निर्देशनहरूको उल्लङ्घन मानिन्छ भने, JP-MIRAI ले लक्षित कामदार, जापानको रोजगारदाता र सम्बन्धित जब-अर्डरसँग सम्बन्धित रिक्रुटमेन्ट एजेन्सीसँग आवश्यकता अनुसार तथ्यहरू प्रमाणित गर्नेछ। तथ्य खोजी प्रक्रिया अन्तर्गत, परामर्श लक्षित कामदारको नाम र अन्य व्यक्तिगत जानकारी गोप्य राखेर बेफाइदा नहोस् भन्ने कुरा सुनिश्चित गर्न अत्यन्त सावधानी अपनाउनु पर्छ।

२. सम्बन्धित लक्षित कामदारहरू, नेपाल र जापानका रिक्रुटमेन्ट एजेन्सीहरूले तथ्यहरू प्रमाणित गर्न सहयोग गर्नेछन्।

३. जापानमा लक्षित कामदारहरूको मानव अधिकारको रक्षा गर्न, JP-MIRAI ले रिक्रुटमेन्ट एजेन्सीसँग सम्बन्धित परामर्श र गुनासोहरू मात्र सम्हाल्दैन, तर काम गर्ने र बस्ने वातावरणको बारेमा विस्तृत परामर्शहरू पनि गर्दछ र आवश्यकता अनुसार सहयोग प्रदान गर्दछ (जस्तै सहयोगी समर्थन, गुनासो संयन्त्रहरूमा पहुँचको लागि समर्थन, र यस्तै अन्य)।

### (Corrective guidance and expulsion)

### (सुधारात्मक मार्गदर्शन र निष्कासन)

**आर्टिकल १८:** यदि JP-MIRAI ले अनुगमन वा गुनासो समायोजनको क्रममा नेपालको कुनै पनि दर्ता भएको रिक्रुटमेन्ट एजेन्सीमा उल्लङ्घन भएको पत्ता लगायो भने, JP-MIRAI सचिवालयले जापानको संचालन कमिटीको निर्णयको आधारमा सम्बन्धित निकायलाई आवश्यक सुधारात्मक मार्गदर्शन प्रदान गर्नेछ (धारा ९)।

२. यदि JP-MIRAI ले अनुगमन वा गुनासो समायोजनको क्रममा जापानमा कुनै दर्ता भएका रिक्रुटमेन्ट एजेन्सीमा उल्लङ्घन भएको पत्ता लगायो भने, JP-MIRAI सचिवालयले जापानको संचालन समितिको निर्णयको आधारमा सम्बन्धित निकायलाई आवश्यक सुधारात्मक मार्गदर्शन प्रदान गर्नेछ ।

३. नेपाल र जापानका रिक्रुटमेन्ट एजेन्सीहरू र रोजगारदाताहरूले JP-MIRAI र MoLESS सँग उनीहरूको तथ्य-खोज अनुसन्धानमा सहकार्य गर्नेछन् र कुनै पनि सुधारात्मक निर्देशनको जवाफ दिनेछन्। तिनीहरू स्वीकार गर्छन् कि यी निर्देशनहरूको पालना गर्न असफल भएमा NJ-FERI SOPs को आर्टिकल २० मा तोकिए अनुसार निष्कासन हुन सक्छ ।

### (Whistleblowing अनियमितताको सूचना दिने)

**आर्टिकल १९:** यदि JP-MIRAI सचिवालयले कुनै पनि लक्षित कामदारबाट प्राप्त परामर्श वा गुनासोको सामग्री कानून वा नियमहरूको गम्भीर उल्लङ्घन भएको छ वा परामर्शदाताको शरीर वा सम्पत्तिमा ठूलो प्रभाव पार्छ भनेर निर्धारण गर्छ भने, JP-MIRAI सचिवालयले परामर्शदाताको सहमति लिनेछ र सम्बन्धित अधिकारीहरूलाई सूचना दिनेछ।

### (Expulsion) (निष्कासन)

**आर्टिकल २०:** यदि कुनै दर्ता भएको कम्पनी वा संस्थाले अनुसन्धानमा असहयोगी व्यवहार गर्छ, जस्तै जानकारी वा कागजातहरू रोकेर वा परिवर्तन गरेर वा तथ्यको खोजी प्रक्रियामा कानून वा निर्देशनहरूको गम्भीर उल्लङ्घनको गरी सुधारात्मक निर्देशनको पालना गर्न असफल भएमा, यसलाई सञ्चालन समितिको निर्णयद्वारा निष्कासन गर्नेछ । यस अवस्थामा, निष्कासित कम्पनी वा संस्थाले तिरेको कुनै पनि शुल्क, जस्तै शुल्क दर्ता, जब-अर्डरको पुष्टिकरण शुल्क, आदि फिर्ता गरिने छैन।

२. यदि कम्पनी वा संस्थालाई निष्कासन वा सुधारको लागि सिफारिसहरूमा कुनै आपत्ति छ भने, यसले FERI संचालन समितिमा उजुरी दर्ता गर्न सक्छ। यदि कुनै आपत्ति प्राप्त भयो भने, FERI संचालन समिति तुरुन्तै सावधान रहनेछ र प्रतिक्रियाको बारेमा निर्णय गर्नेछ।

## Chapter 5 Others अध्याय ५ अन्य

### (Award system) (प्रोत्साहन व्यवस्था)

**आर्टिकल २१:** सहभागी संस्थाहरूलाई उत्प्रेरित गर्न, JP-MIRAI ले FERI मापदण्डको आधारमा कामदारहरुको संख्या (अनुपात) अनुसार उत्कृष्ट प्रदर्शन गर्ने संस्थाहरूलाई पुरस्कृत गर्नेछ र तिनीहरूको नाम तिनीहरूको वेबसाइटमा प्रकाशित गर्नेछ।

२. पुरस्कारका लागि योग्य मापदण्ड र संस्थाहरू FERI को संचालन समितिद्वारा निर्धारण गरिनेछ।

### (NJ-FERI registration/management fee) (NJ-FERI दर्ता/व्यवस्थापन शुल्क)

**आर्टिकल २२:** जापानको FERI संचालन समितिको प्रस्तावको आधारमा, NJ-FERI दर्ता र प्रणाली सञ्चालनको लागि आवश्यक खर्च JP-MIRAI द्वारा सङ्कलन गरिनेछ।

२. यस्तो अवस्थामा, त्यस्ता लागतहरू सम्बन्धित रोजगारदाताहरूले बेहोर्नेछन्, कुनै पनि आप्रवासी कामदारहरूले बेहोर्ने छैनन् ।

### (Revision of the NJ-FERI SOPs) (NJ-FERI SOPs को संशोधन)

**आर्टिकल २३:** यदि NJ-FERI स्टाण्डर्ड अपरेटिङ प्रक्रियाहरू परिमार्जन गर्न आवश्यक छ भने, यो "FERI संचालन समिति" को स्वीकृतिमा गरिनेछ।

(END)

## तालिका १ प्रत्येक रोजगारदाताले वहन गर्नु पर्ने भर्ना शुल्क र सम्बन्धित लागतको अनुपात

| भर्ना शुल्क र सम्बन्धित लागतहरु प्रत्येक रोजगारदाताले वहन गर्नुपर्नेछ। (ILO) | FERI प्रमाणित जब-अर्डर: प्रत्येक रोजगारदाताहरुले बेहोर्नु पर्ने विषयहरु | Semi-FERI--पुष्टि गरिएको जब-अर्डर: प्रत्येक रोजगारदाताले बेहोर्नुपर्ने विषयहरु | **FERI निर्देशनहरूको लागू प्रावधान** |
|---|---|---|---|
| **A. भर्ना शुल्क** | १००% रोजगारदाताले बेहोर्नेछन् । | **★आंशिक रूपमा आप्रवासी कामदारहरूले बेहोर्न सक्छन् ।**<br>(नेपालको रिक्रुटमेन्ट एजेन्सीले प्रत्येक आप्रवासी कामदार, आयोजक देशको रिक्रुटिङ एजेन्सी, वा रोजगारदातालाई सेवाहरू पठाउने क्षतिपूर्तिको रूपमा कानूनद्वारा तोकिएको अधिकतम रकमको अनुपालनमा सेवाहरूको क्षतिपूर्ति) | 2.13c |
| **B. सम्बन्धित लागतहरू** | | | |
| **i. मेडिकल खर्चहरु** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | |
| **ii. बीमा खर्च** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | |
| **iii. सीप र योग्यता परीक्षाको खर्च** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | |
| **iv. तालिम र ओरिएन्टेशनको खर्च** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | **★आंशिक रूपमा आप्रवासी कामदारहरूले बेहोर्न सक्छन् ।**<br>(व्यावसायिक तालिम र भाषा तालिमको लागत, तालिम सामग्रीको लागत सहित) | 2.8b<br>2.9b |
| **v. उपकरण खर्च** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | |
| **vi. ट्राभल आवास खर्च** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।**<br>**("कामदारको देश भित्रको यातायातको लागत" समावेश गर्न सकिँदैन ।)** | **★आंशिक रूपमा आप्रवासी कामदारहरूले बेहोर्न सक्छन् ।**<br>(आप्रवासी कामदारहरूले आयोजक देशमा सर्ने तयारी गर्दा बसोबासको लागत) | 2.10b |
| | | **★आंशिक रूपमा आप्रवासी कामदारले बेहोर्न सक्छन ।**<br>(आप्रवासी कामदारहरू आयोजक देशमा सर्ने तयारी गर्दा खानाको लागत) | 2.11b |
| | | **★आंशिक रूपमा आप्रवासी कामदारहरूले बेहोर्नेछन ।**<br>("मूल देश भित्र घरेलु यातायातको लागत खर्च ") | 4.8b |
| **All Other Costs Not Specifically Stated**<br>**विशेष रूपमा उल्लेख नगरिएका अन्य सबै लागतहरू** | **१००% रोजगारदाताले बेहोर्नेछन् ।** | **१००% रोजगारदाताले वहन गर्नेछन्** | |

नोट: "Semi-FERI-Confirmed job-order” मार्फत रोजगारको मामलामा, आप्रवासी कामदारहरूले “★ आंशिक रूपमा आप्रवासी कामदारहरूद्वारा बेहोर्ने” भनेर संकेत गरिएका वस्तुहरू मात्र समेट्न आवश्यक हुन सक्छ, माथि उल्लेखित वस्तुहरूको कुल रकमको ५०% भन्दा बढी नहुने रकम सम्म ★, र आप्रवासी कामदारहरूले वहन गर्नुपर्ने रकम जब-अर्डरमा उल्लेख गरिनेछ।